विषय कोड : ००२१ 'A'

# NEB - GRADE XII
## 2081 (2024)
## अनिवार्य नेपाली
## (नयाँ पाठ्यक्रम)

(रजिस्ट्रेसन नम्बरका सुरुका दुई अङ्क ७८, ७९ र ८० भएका साधारण धारतर्फका नियमित तथा ग्रेडवृद्धि परीक्षार्थीहरूका लागि मात्र)

*विद्यार्थीहरूले सकेसम्म आफ्नै शब्दमा उत्तर दिनुपर्ने छ। दायाँ किनारामा दिइएको अङ्कले पूर्णाङ्क जनाउँदछ।*

समय : ३ घण्टा पूर्णाङ्क : ७५

१. दिइएको अनुच्छेदमा रेखाङ्कन गरिएका शब्दहरूको अक्षर संरचना देखाई अक्षर सङ्ख्यासमेत देखाउनुहोस् : [३]

पोखरा पर्यटकीय दृष्टिले नेपालको सुन्दर सहरमा गनिन्छ। हरेक नेपाली त्यहाँ पुगेपछि स्वर्गीय आनन्दको अनुभव गर्दछन्।

२. दिइएको अनुच्छेदलाई शुद्ध गरी पुनर्लेखन गर्नुहोस् : [३]

बर्तमान नेपाल का नयाँ चुनौतीमध्ये ज्येस्ठ नागरिकहरूको भविष्य व्यवस्थापन पनी टड्कारो छ उहिलेको संयूक्त परिवार अहिले छिन्नभिन्न छ।

३. कुनै एक प्रश्नको उत्तर दिनुहोस् : [२]

(क) दिइएको अनुच्छेदबाट एउटा पारिभाषिक शब्द र एउटा अनुकरणात्मक शब्द पहिचान गरी तिनलाई वाक्यमा प्रयोग गर्नुहोस् :

भूगोलमा अक्षांश र देशान्तरका विषयमा पनि अध्ययन गर्नुपर्छ। विद्यार्थीहरूले खुरुखुरु पढ्नुका साथै वैज्ञानिक अनुसन्धान र आविष्कारका विषयमा समेत चासो दिंदा म खुसीले गदगद हुन्छु।

(ख) दिइएको अनुच्छेदबाट एउटा उखान र एउटा टुक्का पहिचान गरी तिनलाई वाक्यमा प्रयोग गर्नुहोस्:

हुने हार दैव नटार भन्छन्। सधैं निराश हुनुभन्दा आफ्नो नाक राख्ने कामतिर लागेर हुने बिरुवाको चिल्लो पात भन्ने कुरालाई पनि त मनन गर्नुपर्‍यो नि। हामी सबै आफ्नो टाउको जोगाउने कुरामा पनि सचेत त बन्नैपर्‍यो।

४. दिइएको अनुच्छेदमा रेखाङ्कन गरिएका शब्दहरूको पदवर्ग पहिचान गरी लेख्नुहोस् : [३]

त्यो केटो एक्कासि बाटामा लड्यो अनि हामी नजिकै गयौं। हामीले एम्बुलेन्स झिकायौं। अस्पताल लगेर उपचार गरेपछि उसको होस खुल्यो।

५. दिइएको अनुच्छेदबाट दुईओटा तत्सम र दुईओटा आगन्तुक शब्द पहिचान गरी लेख्नुहोस् : [२]

शीतल वायुमा आनन्द मान्दै कम्प्युटर चलाउँदै गरेको हर्कले जीवनमा आत्मीय मित्र फेला पारेपछि उसलाई एउटा मोबाइल र ब्याग पनि उपहार दिएको रहेछ।

क्रमशः

६. कुनै एक प्रश्नको उत्तर दिनुहोस् : [३]

(क) दिइएको अनुच्छेदबाट तीनओटा उपसर्ग व्युत्पन्न र तीनओटा प्रत्यय व्युत्पन्न शब्द पहिचान गरी तिनको निर्माण प्रक्रिया देखाउनुहोस् :

प्रत्येक मानिसले जीवन सुखमय बनाउने सपना बुनेको हुन्छ । ऊ सुनौलो भविष्यको सपना पूरा गर्न निरन्तर सङ्घर्ष गर्छ । सत्कर्मबाट प्राप्त सफलता र सम्पत्ति अत्यन्त प्यारो हुन्छ । सफलता प्राप्त गर्न चाहनेले कठिनतम परिस्थितिको पनि सामना गर्नुपर्छ ।

(ख) दिइएको अनुच्छेदबाट तीनओटा समस्त शब्द र तीनओटा द्वित्व व्युत्पन्न शब्द पहिचान गरी समस्त शब्दको विग्रह र द्वित्व व्युत्पन्न शब्दको निर्माण प्रक्रिया देखाउनुहोस् :

जगन्नाथ र पुरुषोत्तमले आवश्यक मालताल जोडजाड गर्न सोइखुट्टेमा भेटघाट गर्ने सरसल्लाह गरेछन् । मुसलधारे पानीमा रुझेर पनि उनीहरूलाई भेट्न गरगहनाले सजिएर ठुल्यामा र भान्दाइ टुप्लुक्क आइपुग्नुभएछ ।

७. कुनै एक प्रश्नको उत्तर दिनुहोस् : [४]

(क) ले, लाई, बाट, देखि, को, रो, नो र मा विभक्ति चिह्न प्रयोग गरी आफूले गरेको रमाइलो यात्रालाई चारओटा वाक्यमा वर्णन गर्नुहोस् ।

(ख) दिइएको अनुच्छेदमा दिइएका वाक्यहरूलाई एकवचन भए बहुवचन र बहुवचन भए एकवचनमा परिवर्तन गरी पुनर्लेखन गर्नुहोस् :

मेरो भाइ विद्यालय जान्छ । ऊ असल र ज्ञानी छ । बहिनीहरू मिलेर बस्छन् । उनीहरूले परिवारको इज्जत राखेका छन् ।

८. कुनै एक प्रश्नको उत्तर दिनुहोस् : [४]

(क) सामान्य भूतकालका फरक फरक क्रियापदको प्रयोग गरी आफ्नो मातृभूमिका बारेमा चार वाक्यको एक अनुच्छेद लेख्नुहोस् ।

(ख) वाच्य परिवर्तन गर्नुहोस् :

पवन कृषि व्यवसायमा लागेको छ । उसले बहुवर्से बाली रोपेको छ । ऊ तरकारी व्यवसायबाट मनग्य आम्दानी गर्छ । उसले परिवारमा खुसी बाँडेको छ ।

९. कुनै एक प्रश्नको उत्तर दिनुहोस् : [४]

(क) दिइएका चारओटा सरल वाक्यलाई एउटै वाक्यमा संश्लेषण गर्नुहोस् :

आदिकवि भानुभक्त आचार्य तनहुँमा जन्मेका हुन् । भानुभक्तले रामायण लेखे । उनले नेपाली भाषा र साहित्यको सेवा गरे । उनको नाम नेपाली साहित्यमा अमर छ ।

(ख) दिइएका अप्रत्यक्ष कथनका वाक्यहरूलाई प्रत्यक्ष कथनमा परिवर्तन गरी पुनर्लेखन गर्नुहोस् :

कृष्णले मुनासँग पुस्तकालय जाने प्रस्ताव राख्यो । मुनाले हुन्छ भनेर स्वीकृति जनाई । धनमायाले आफू पनि पुस्तकालय जान चाहेको बताई । हर्कबहादुरले उनीहरूसित पुस्तकालय आउनुको कारण सोध्यो ।

क्रमशः

१०. दिइएको अनुच्छेद पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् : [५]

आजको विश्वमा मानव जातिका लागि मानव अधिकार भन्ने कुरा अपरिहार्य विषय बन्न पुगेको छ । मानव अधिकारको अभावमा मानिसको वैयक्तिक विकास सम्भव छैन । जब एउटा नागरिक आफ्ना अधिकारहरूबाट वञ्चित हुन्छ तब त्यसको असर समाज र राष्ट्रले समेत भोग्नुपर्ने हुन्छ । मानव अधिकार कुनै एउटा व्यक्ति वा कुनै एउटा राज्यको मात्र सरोकारको कुरा होइन । यसको सम्मानमा संसारका हरेक व्यक्ति, समाज, राष्ट्र र अन्तर्राष्ट्रिय जगत्कै सहयोग आवश्यक हुन्छ । आफ्नो मुलुकमा मानव अधिकारलाई सम्मान गर्ने परिपाटी कायम गर्ने कि नगर्ने भन्ने विषयचाहिँ त्यस मुलुकको राज्य व्यवस्था वा सरकारमा निर्भर गर्दछ । यस अर्थमा मानव अधिकारको सम्मान गर्न र त्यसलाई सुदृढ पार्न सरकारकै महत्त्वपूर्ण भूमिका रहने देखिन्छ । जहाँ मानव अधिकारको सम्मान हुँदैन, त्यहाँ लोकतन्त्र पनि हुँदैन । जहाँ लोकतन्त्र हुन्छ त्यहाँ मात्रै मानव अधिकार प्राप्त गर्न सहज हुन्छ । मानव अधिकारलाई गौण विषय ठानेर त्यसको बेवास्ता गर्दै लोकतन्त्रको कुरा गर्नु निरङ्कुशतालाई आत्मसात गर्नु हो । आज पनि विश्वका कतिपय मुलुकमा प्रजातन्त्र वा लोकतन्त्रका नाममा मानव अधिकारको अवहेलना गर्ने कार्य भएको पाइन्छ । मानव अधिकारप्रति सम्मान दर्शाउने प्रजातान्त्रिक संविधानको निर्माण भए तापनि व्यवहारमा त्यसको पालना नगरिएका उदाहरणहरू प्रशस्तै पाइन्छन् । संविधानमा मात्रै मानव अधिकारको प्रतिबद्धता जाहेर गरेर वास्तविक रूपमा मानव अधिकारको सम्मान हुन सक्दैन । मानव अधिकारको पूर्ण सम्मानका लागि प्रजातान्त्रिक संविधानअनुसार स्थापित हुने सरकारको कार्यशैली पनि प्रजातान्त्रिक हुनु अत्यावश्यक छ ।

प्रश्नहरू :

(क) मानव अधिकार किन आवश्यक छ ?

(ख) मानव अधिकारको सम्मान ककसको सरोकारको विषय हो ?

(ग) प्रजातन्त्र र मानव अधिकारका बिचमा कस्तो सम्बन्ध हुन्छ ?

(घ) मानव अधिकारको सम्मानका लागि सरकारले के गर्नु आवश्यक छ ?

(ङ) मानव अधिकारको अवहेलना हुन नदिन कुन कुरामा ध्यान दिनु आवश्यक छ ?

११. दिइएको अनुच्छेद पढी मुख्य मुख्य चारओटा बुँदा टिपोट गर्नुहोस् र एकतृतीयांशमा सारांश लेख्नुहोस् : [२+३]

पाठ्यक्रम शिक्षाको मूल आधार भएकाले यसकै आधारमा सम्पूर्ण शैक्षिक क्रियाकलापहरू सञ्चालन गरिन्छन् । पाठ्यक्रममा शैक्षिक उद्देश्य, विषयवस्तुको छनोट, शैक्षिक सामग्री, शिक्षण प्रक्रियाको निर्माण र मूल्याङ्क प्रक्रियाको किटान गरिएको हुन्छ । पाठ्यक्रममा विद्यार्थीको जीवनमा परिवर्तन ल्याउने सिकाइ अनुभवलाई एकीकृत गरिएको हुन्छ । यस्ता अनुभव विद्यार्थीले सिकिसकेको थाहा पाउन र त्यसको अनुगमन गर्नका लागिसमेत पाठ्यक्रममा आवश्यक योजना बनाइएको हुन्छ । पाठ्यक्रमकै माध्यमबाट शिक्षकले विद्यार्थीको रुचि र चाहनाअनुसारका सिकाइ अनुभव प्रदान गर्दछन् भने विद्यार्थी त्यस्ता अनुभव सिकी आफ्नो चौतर्फी विकास गर्छन् । पाठ्यक्रममा शिक्षाको राष्ट्रिय उद्देश्य, तहगत, कक्षागत र विषयगत उद्देश्य, सिकाइको न्यूनतम उपलब्धि,

क्रमश:

स्तरअनुकूलको समसामयिक विषयवस्तु, समुदायको चाहना आदि व्यापक विषय समेटिएका हुन्छन्। पाठ्यक्रमकै गुणस्तर, प्रभावकारिता र कार्यान्वयनका आधारमा शैक्षिक जनशक्ति तयार हुन्छ र तिनले समाज र राष्ट्रको अगुवाइ गर्ने हुँदा राष्ट्रको भूत, वर्तमान र भविष्य पनि पाठ्यक्रममै निर्भर रहन्छ। यस दृष्टिले हेर्दा पाठ्यक्रम शिक्षण सिकाइ प्रक्रियाको एक अनिवार्य र अपरिहार्य तत्त्व हो।

१२. कुनै एक प्रश्नको उत्तर दिनुहोस् : [४]

(क) हालै बजारमा आएको 'मयुर' नामक साहित्यिक पत्रिकाको प्रचारप्रसारका लागि आवश्यक पर्ने विज्ञापनको नमुना तयार पार्नुहोस्।

(ख) सुन्दरनगर सामुदायिक वन उपभोक्ता समिति, झापाले वार्षिकोत्सवका अवसरमा गर्न लागेको बृहत् वृक्षरोपण कार्यक्रमको बैठक निर्णय तयार पार्नुहोस्।

१३. कुनै एक प्रश्नको उत्तर दिनुहोस् : [५]

(क) तपाईं संलग्न कुनै सामाजिक संस्थाले सम्पन्न गरेको एकदिने सरसफाइ कार्यक्रमलाई समेटी १५० शब्दसम्मको प्रतिवेदन लेख्नुहोस्।

(ख) 'सामाजिक सञ्जालको दुरुपयोग' शीर्षकमा १५० शब्दसम्मको टिप्पणी लेख्नुहोस्।

१४. कुनै एकको व्याख्या गर्नुहोस् : [४]

(क) हो, त्यो आउँछ,
त्यो बिहानको सूर्य झैँ उज्यालो छर्दै आउँछ।

(ख) वास्तवमा सभ्यता भनेको जाति, भाषा र संस्कृतिको समष्टि हो।

१५. कुनै एक प्रश्नको उत्तर दिनुहोस् : [४]

(क) दिइएको कथांश पढी सोधिएका प्रश्नहरूको उत्तर दिनुहोस् :

तिनले चारैतिर हेरिन्। टाढा पूर्वतिर पातलो जङ्गलको पारि केही छाप्रा रहेजस्तो तिनलाई लाग्यो। तीन दिनदेखि नरनारीको मुखसम्म नदेखेकी दमयन्तीमा मानिसको सान्निध्यको अनुभवले आनन्द दिन थाल्यो भने आशाका लहर पनि उठ्न थाले। सूर्यास्त हुँदै गयो। टाढाका तिनै छाप्रातिरबाट कुखुरा बासेका स्वर तिनले सुनिन्। त्यो स्वरले उल्लासमय मनोदशामा पुगेकी दमयन्तीको मनलाई तिनै छाप्राका नरनारीतिर, मानिसको सामीप्यतिर तान्न थाल्यो। तथापि दमयन्तीले प्रबल आत्मनियन्त्रणलाई अँगालेर खेतका हरिया मुना र कलिला काँचा जौका झारद्वारा भोकलाई शान्त पार्दै त्यहीं ढुङ्गामाथि लम्पसार परिन्।

**प्रश्नहरू :**

(अ) दमयन्तीको मनोदशा किन उल्लासमय भयो ?

(आ) माथिको अनुच्छेदमा कस्तो परिवेशको चित्रण गरिएको छ ?

(ख) दिइएको संवादांश पढी सोधिएका प्रश्नहरूको उत्तर दिनुहोस् :

नेपालमा थुप्रै जाति छन्। हरेक जातिको आफ्नै प्रकारका परम्परा, संस्कृति, ज्ञान अनुभव छन्। त्यस्तै नेपालमा अनेक भाषा छन्। भाषा भनेको मानव पुर्खाको आविष्कार हो। जातिमा

क्रमश:

जस्तै हरेक भाषामा पनि मानिसका ज्ञान, अनुभव, संस्कृति सुरक्षित हुन्छन् । हामी मानव सभ्यताका कुरा गर्छौं नि । वास्तवमा सभ्यता भनेको जाति, भाषा र संस्कृतिको समष्टि हो । त्यसैले जाति, भाषा, संस्कृतिमा विविधता हुनु भनेको सभ्यतामा पनि विविधता हुनु हो । यसैले जाति, भाषा, संस्कृतिमा विविधता भएको हाम्रो समाज विविध सभ्यताको सङ्गम पनि हो । त्यसैले विविधता आफैँमा सम्पत्ति भएन र ?

प्रश्नहरू :

(अ) जाति र भाषाभित्र के के कुरा रहेका हुन्छन् ?

(आ) हाम्रो समाज कसरी विविध सभ्यताको समाज हो ?

१६. कुनै एक प्रश्नको उत्तर दिनुहोस् : [४]

(क) 'मातृत्व' कथामा सुबोधले ममताका छोराछोरीलाई हप्काउनु उपयुक्त हो वा होइन ? प्रतिक्रिया लेख्नुहोस् ।

(ख) लेखकका सहयोगी बनेर पाटन पुगेका भरियाहरू भोलिपल्ट डडेल्धुरा जान किन नमानेका होलान् ? 'घनघस्याको उकालो काट्ता' पाठका आधारमा प्रतिक्रिया लेख्नुहोस् ।

१७. कुनै एक प्रश्नको समीक्षात्मक उत्तर दिनुहोस् : [८]

(क) 'एक चिहान' उपन्यासका पात्र नानीथकुँ र रञ्जनादेवीका चरित्रको तुलना गर्नुहोस् ।

(ख) हकिङले मानवीय चेतनालाई उचाइमा पुऱ्याउन के कस्ता कामहरू गरेका छन् ? 'स्टिफन विलियम हकिङ' पाठका आधारमा विवेचना गर्नुहोस् ।

१८. कुनै एक शीर्षकमा कम्तीमा २५० शब्दसम्मको निबन्ध लेख्नुहोस् : [८]

(क) वनजङ्गलको महत्त्व

(ख) स्वस्थ खाना : स्वस्थ जीवन

(ग) मलाई मन पर्ने पुस्तक

-0-